# उच्च अदालत पोखरा, बागलुङ इजलास

## बागलुङ

☎ ०६८-५२०२४५
Email: info.hcibaglung@supremecourt.gov.np
admin.hcibaglung@supremecourt.gov.np
website: www.supremecourt.gov.np/court/baglunghc

पत्र संख्याः ०७७/७८
चलानी नं.

**सूचना** ! **सूचना** !! **सूचना** !!!

<u>२०७८।०३।०३ मा</u>

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसको नया भेरियन्ट (Covid-19) संक्रमणको कारण जिल्ला प्रशासन कार्यालय बागलुङबाट कोभिड संकट व्यवस्थापन समितिको मिति २०७८।०१।१९ को तथा जिल्ला सुरक्षा समितिको निर्णयसमेतका आधारमा मिति २०७८।०१।२१ गते रातको १२ बजे देखि पटकपटक थप हुँदा मिति २०७८।०३।०७ गते राती १२ बजे सम्म लागु हुने गरी निषेधाज्ञा घोषणा गरेकोले सर्वसाधारणको लागि यस्तो अवस्थामा अदालतसम्म आउन, मुद्दाको कारवाही, सुनुवाई र निर्णय गर्नसमेत असुविधा हुने तथा अदालतबाट समेत सेवा प्रवाह गर्नमा समस्या सृजना भै यस अदालतमा सेवा लिन आउने सेवाग्राही, कानून व्यवसायी तथा कर्मचारीहरुमा समेत भय त्रासको वातावरण सृजना भएको हुँदा सर्वोच्च अदालतको पुर्ण बैठकको मिती २०७८।०१।१४ को निर्णय बमोजिम यस अदालतबाट अर्को निर्णय नभएसम्मको लागि हाललाई मिति २०७८।०२।३१ सम्म लागु हुने गरी र तत्पश्चात् पनि निषेधाज्ञा अवधि थप भएमा सोही बमोजिम हुने गरी तोकिएको मात्र सेवाहरु प्रवाह गर्ने र सो अवधिका काम कारवाही तथां सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा, रिट तथा निवेदनहरुमा हदम्याद, म्याद तारेख नगुज्रने भनी मिति २०७८।१।२० मा यस अदालतको निर्णयबाट सेवा संकुचन गरी तोकिएका मुद्दाहरुमा मात्र सेवा प्रवाह गर्ने भनि निर्णय भएकोमा हाल कोरोना संक्रमणको स्थिति कम भएको परिपेक्षमा नेपाल सरकारले तोकेको सुरक्षाको मापदण्ड अपनाई मिती २०७८।०३।०८ देखि मिती २०७८।०१।२० को निर्णय एवम सुचनामा उल्लेखित सेवाहरुका अतिरिक्त देहायका सेवाहरु संचालन गर्ने भन्ने आज मिती २०७८।०३।०३ मा बसेको यस अदालतको फुल कोर्ट तथा बार बेन्च र सरकारि वकिल बिचको बैठकबाट निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

१. <u>उच्च अदालत पोखरा, बागलुङ इजलासबाट प्रवाह हुने सेवाहरु-</u>

क. दर्ता हुने मुद्दा तथा रिट निवेदनहरुः-

१. सबै प्रकारका पुनरावेदन तथा रिटहरु दर्ता गर्ने।

२. फौजदारी कार्यबिधि संहिता २०७४ को दफा ७३ नं तथा देवानी कार्यबिधी संहिता २०७४ को दफा १५७ अन्तर्गतका निवेदनहरु दर्ता गर्ने।

ख. सुनुवाई हुने मुद्दा तथा निवेदनहरुः-

१. बिपक्षी नझिकाइएका नेपाल सरकारबाट दर्ता भएका पुनरावेदन पत्रहरु।

२. थुनुवा मात्र पक्ष भएका अन्य पुनरावेदन पत्रहरु।

३. आफ्नो मुद्दाको सुनुवाई गरिपाउँ भनि कुनै पक्षले निवेदन दिई सो निवेनमा अर्को पक्ष समेत सहमत भएका मुद्दा तथा रिट निवेदनहरु।

४. फौजदारी कार्यबिधि संहिता २०७४ को दफा ७३ र देवानी कार्यबिधी संहिता २०७४ को दफा १५७ अन्तर्गतका निवेदनहरु।

२. <u>उपरोक्त अनुसार सुनुवाई हुने मुद्दाको सुनुवाई सम्बभ भएसम्म श्रव्यदृश्य संवाद मार्फत गर्ने</u>